# सुन्दरबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल

# SUNDARBAZAR MUNICIPALITY
## Office of Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal

प.सं. (प्रशासन)०८०।८१ मिति: २०८०।०९।२९
च.नं.

**स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को नतिजा सार्वजनिक गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व ०७९।८० मा स्थानीय तहबाट संचालन गरिएको विविध कार्यक्रम तथा सेवा प्रवाहको आधारमा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को पाँच वटा विषयगत क्षेत्र अनुसारको विवरण जिल्ला समन्वय समितिमा पेश भई पृष्ठपोषण सहित स्विकृत हुँदा जम्मा ६६ प्रतिशत अंक प्राप्त भएको र सो नतिजा नगर कार्यपालिकाको मिति २०८०।०९।२५ गते बसेको आ.व २०८०/८१ को सातौं बैठकले अनुमोदन समेत गरेको हुँदा FRA मा प्राप्त अंकहरु यसै सूचना साथ संलग्न राखी सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

.....................................
शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

1 गापा/नपाबाट अनुशिक्षण सम्पन्न

2 गापा/नपाबाट प्रारम्भिक नतिजा तयार

3 जि.स.स.बाट मूल्याङ्कन गर्न तय मिति

4 जि.स.स.बाट प्रारम्भिक नतिजा तयार

5 जि.स.स.बाट तयार प्रारम्भिक नतिजामा गापा/नपाको पृष्ठपोषण

6 जि.स.स.बाट अन्तिम नतिजा तयार

# सुन्दरबजार नगरपालिका

## विवरण

| | |
|---|---|
| प्रदेश: | गण्डकी प्रदेश |
| जिल्ला: | लमजुङ |
| नगरपालिका/ गाउँपालिका: | सुन्दरबजार नगरपालिका |
| ईमेल: | info@sundarbazarmun.gov.np |
| वेबसाइट: | sundarbazarmun.gov.np |

## जम्मा प्राप्ताङ्क

0 100

समग्र स्थिति: ६७.९२%


प्रक्रियागत स्थिति: ५०%

परिमाणात्मक स्थिति: ६९.१२%

औसत: ६६%

## मूल्याङ्कन विषयक्षेत्रहरु

स्कोर प्रतिशत




प्राप्ताङ्क

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Search

| क्र.सं. | सूचक | पूर्ण अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| 1 | १.१.१ मध्यमकालीन खर्च संरचना सहित विनियोजन ऐन, आर्थिक ऐन र वार्षिक बजेट तथा कार्यक्रमलाई असार १० गतेभित्र सभामा पेश गरी सभाबाट असार मसान्तसम्ममा पारित गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१) | 1.00 | |
| 2 | १.१.२.१ एकीकृत/आवधिक विकास योजना तर्जुमा गर्दा भौगोलिक सूचना प्रणाली (Geographical Information System) मा आधारित रही स्थानगत आधार(Spatial Based) मा तयार भएको। | 0.50 | |
| 3 | १.१.२.२ एकीकृत/आवधिक विकास योजना तर्जुमा गर्दा सो योजनामा श्रोत नक्सा सहित भू-उपयोग योजना, यातायात गुरुयोजना, वातावरण व्यवस्थापन योजना, स्थानीय पूर्वाधार विकास योजना, स्थानीय आर्थिक विकास योजना र सामाजिक विकास योजना समेत समावेश गरी सभाबाट स्वीकृत गरिएको। | 0.50 | |
| 4 | १.१.३ एकीकृत आवधिक विकास योजना तर्जुमा गर्दा सो योजना कार्यान्वयनका लागि योजना अवधिभरका निमित्त आवश्यक स्रोत र साधनको अनुमान सहित परियोजनाको सूची तयार गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (४) | 1.00 | |
| 5 | १.१.४ स्थानीय तहको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था र सामुदायिक संघसंस्थाले आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गरेर मात्र कार्यान्वयनमा ल्याउने गरेको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ (२) (ख) | 1.00 | |
| 6 | १.१.५ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले फागुन महिनाभित्र आगामी वर्षका लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गरी सो सीमाअनुसार सभाबाट बजेट तथा कार्यक्रम पारित भएको ।(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) (ग) | 1.00 | |
| 7 | १.१.६ आगामी आ.व.को बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) र (६) | 1.00 | |
| 8 | १.१.७.१ वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन भई सो समितिले आगामी आ.व.का लागि विषयगत क्षेत्रको बजेट सीमा निर्धारण गरेको र सोही सीमाभित्र रही विषयगत क्षेत्रको वजेट तथा कार्यक्रम तर्जुमा गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६) | 0.50 | |
| 9 | १.१.७.२ आगामी वर्षको बजेट सीमालाई चालु आ.व.को वैशाख १५ गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६) | 0.50 | |
| 10 | १.१.८.१ जुनसुकै स्रोतबाट प्राप्त भएको चल अचल सम्पत्तिको जिन्सी आम्दानी बाँधी लगत राखेको । | 0.50 | |
| 11 | १.१.८.२ जुनसुकै स्रोतबाट प्राप्त भएको चल अचल सम्पत्तिको प्रयोग गर्नेको भर्पाई सहितको सहायक खाता रहेको । | 0.50 | |
| 12 | १.१.९ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेशबाट प्राप्त मार्गदर्शनको पालना भएको। | 1.00 | |
| 13 | १.१.१०.१ वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भई सो समितिको बैठक बस्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७) | 0.50 | |
| 14 | १.१.१०.२ वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि समितिले निर्धारण गरेको बजेट सीमाभित्र रही स्थानीय योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने गरिएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७) | 0.50 | |
| 15 | १.१.११ वैदेशिक सहायतामा सञ्चालित कार्यक्रमहरू नेपाल सरकारको स्वीकृति लिएर मात्र सञ्चालन गरिएको । (अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १२-४) | 1.00 | |
| 16 | १.१.१२.१ स्थानीय तहले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिई राष्ट्रिय प्राकृतिक स्रोत | 0.50 | |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | सूचक | पूर्ण अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| 17 | १.१.१२.२ स्थानीय तहले आन्तरिक ऋण लिनुअघि स्थानीय तहको ऋण दायित्वको अद्यावधिक अभिलेख राखिएको। (अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा १४-३ र 16-1) | 0.50 | |
| 18 | १.१.१३ आगामी आर्थिक वर्षको लागि आय-व्ययको प्रक्षेपण गरी यससम्बन्धी प्रतिवेदनलाई प्रत्येक वर्षको पौष मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरेको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १८) | 1.00 | |
| 19 | १.१.१४ संचित कोषको व्यवस्थापनका लागि एकल खाताको प्रयोग हुने गरेको। | 1.00 | |
| 20 | १.१.१५ स्थानीय तहमा रहेका विभिन्न कोषहरुको व्यवस्था तथा सञ्चालन गर्दा कानून बनाएर मात्र गर्ने गरिएको। | 1.00 | |



शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Copyright © 2022 FRAPP All Rights Reserved.